# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार १७ गते २०५९ साल (संख्या १२

## भाग ४

### संसद सचिवालयको सूचना

संसद सचिवालय सम्बन्धी ऐन, २०५८ बमोजिम संसद सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०५९।२।१० को निर्णयानुसार नेपाल संसद सेवा, प्रशासन समूह राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव श्री कृष्णप्रसाद पाण्डेलाई मिति २०५८।९।१७ देखि जेष्ठता कायम हुने गरी सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव पदमा बढुवा गरी यस सचिवालयमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
सूर्यकिरण गुरुङ्ग
संसदको कार्यवाहक महासचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मारवाडी सेवा समितिले भारतबाट आयात गर्ने भारु. १०,००,०००।- मूल्य बराबरको लिफ्टमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी शाही नेपाली सेनाको शान्ति सेना तालीम सिविर पाँचखालको लागि बेलायत सरकारबाट अनुदान स्वरुप प्राप्त 325 KVA Generator and Servicing Parts आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०५९ अङ्कित देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरु टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

अग्र भाग : वरिपरी ६४ थोप्ला भित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५९ रही स्वस्तिक चिन्ह भित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग : वरिपरी ६४ थोप्लाभित्र सबभन्दा माथि नेपालीमा श्री भवानी, त्यसको तल बीचमा शाही निशान छाप रही त्यसको तल रु.२०० रहनेछ भने त्यसको तल २००८-२०५८ रहनेछ । डिजाईनको तल्लो भागमा अर्धगोलाकार रुपमा नेपालीमा लोक सेवा आयोग स्वर्ण जयन्ती नेपाल उल्लेख रहनेछ ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रु. २००/- |
| तौल | १८ ग्राम ± ३०० मि.ग्राम |
| व्यास | २९ मि.मि. |
| धातु | मिश्रित चाँदी (५०%चाँदी र ५०%अन्य धातु) |
| सिरेशन | धर्सा नभएको |
| रङ्ग | सेतो |
| अधिकतम निष्काशन थान | ५,००० |

## सूचना ८

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी खानेपानी विभाग अन्तर्गत वातावरणीय सरसफाई आयोजना र केन्द्रीय जनसाधन आयोजनाको लागि युनिसेफबाट हस्तान्तरण हुने टोयोटा ल्याण्डक्रुजर (६६-१-९१६) र टोयोटा लाइट्स (६६-१-९२४) गरी दुई थान गाडीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्र ज्योति संघले कैलाली जिल्लामा सञ्चालित गेटा आँखा अस्पताल (राष्ट्रिय ट्रकोमा कार्यक्रम) को प्रयोजनार्थ International Trachoma Initiative, New York बाट उपहार स्वरुप प्राप्त अमेरिकी डलर १२,०४,८८४.०० मूल्य बराबरको Zithromax (azithromycin) नामक औषधि आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी खोटाङ जिल्लाको सुङ्देल, दिप्सुङ्ग र खार्बुम्छामा गएको बाढी पहिरोमा परी विस्थापित असहाय परिवारको लागि हङ्गकङ्गमा बस्ने नेपालीहरुबाट सहयोग स्वरुप प्राप्त राहत सामग्रीहरु मध्ये नयाँ राहत सामग्रीहरु आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बुढानिलकण्ठ आश्रम स्कूल, काठमाण्डौंलाई भारतीय राजदूतावासबाट उपहार स्वरुप प्राप्त भएको Swaraz Mazda (३२ सिटे) एक थान मिनीबसमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, स्थानीय विकास शुल्क र विशेष शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १२

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय अन्तर्गत जल तथा मौसम विज्ञान केन्द्रीय विभागका लागि THE CITY COLLEGE OF NEW YORK, DEPARTMENT OF EARTH AND ATMOSPHERIC SCIENCES, USA का श्रीमति Yolanda N. Rosoff ले उपहार स्वरुप पठाउने अमेरिकी डलर २,५००.०० मूल्य बराबरको Solar Powered Portable Weather Station आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार मसहुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपालमा घाइतेहरुको उद्दारका लागि International Committee of the Red Cross ले स्वीटजरल्याँण्डबाट आयात गर्ने स्वीस फ्रेंक २०,७५७.८२ मूल्य बराबरको औषधि तथा चिकित्सा सामग्रीहरुमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास गुरुयोजना क्षेत्र भित्र निर्माणाधिन बौद्ध गुम्बाका लागि भारतबाट आयात गरिने ६,५०० बोरा सिमेण्टमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६०

## सूचना १५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी बिहार क्षेत्रमा निर्माणाधिन मठ मन्दिर धर्मशाला डोमेटरीको लागि जेपी बेला प्लाण्ट, भारतबाट अमेरिकी डलर १,०२,०००.०० मूल्य बराबरको १५०० मेट्रिक टन सिमेण्ट आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी दक्षिण कोरियाको पुसान शहरमा आयोजना हुने १४ औं एशियाली खेलकूदको सिलसिलामा टर्च रिले कार्यक्रम सञ्चालन गर्न दक्षिण कोरियाबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ९१०.०० मूल्य वरावरको Uniforms, Flag for Entry, Books and Office Documents आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी Rotary Club of Kathmandu ले नेपालका विभिन्न स्वास्थ्यचौकी तथा अस्पतालहरुमा बितरण गर्नको लागि Rotary Club of Cincinnati, U.S.A. वाट सहयोग स्वरुप प्राप्त गर्ने अमेरिकी डलर २,०००.०० मूल्य वरावरको औषधोपचारका सामग्रीहरु आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

## सूचना १८

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी फूलबारी सेवा केन्द्र, ढोरफिर्दी-४, तनहुँले जर्मन स्थित फूलवारी नेपाल नामक संस्थाबाट सहयोग स्वरुप प्राप्त गर्ने युरो ५,०००.०० मूल्य वरावरको औषधि, ग्लोभ तथा सिरिञ्जहरुमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १९

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले भारतको A Daga Steel and Industries Corporation, जयपुरबाट खरिद गर्ने भा.रु. १,५०,१६,८३४/-मूल्य वरावरको वीस हजार थान मतपेटिका एवं जर्मन सरकारको वस्तुगत सहयोग अन्तर्गत उपलब्ध गराइने भारतको Mysore Paint & Varnish Limited, Mysore वाट आयात गर्ने भा.रु. १२,१२,०००/- वरावरको नउड्ने मसी (Indelible Ink) ७.५ एम.एल. को २५,००० फाइल र ५ एम.एल. को १५,००० फाइलमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
**प्रमोद कुमार कार्की**
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय दुग्ध विकास वोर्ड ऐन, २०४८ को दफा ७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय दुग्ध विकास वोर्डको कार्यकारी समितिमा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| | | |
|---|---|---|
| १. | माननीय कृषि तथा सहकारी मन्त्री | अध्यक्ष |
| २. | कृषि सचिव | उपाध्यक्ष |
| ३. | दुग्ध उत्पादक सहकारी संस्थाका कृषक प्रतिनिधि-चारजना | सदस्य |
| ४. | निजी दुग्ध व्यवसायी संघका प्रतिनिधि-तीन जना | सदस्य |
| ५. | नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि-एक जना | सदस्य |
| ६. | अर्थ मन्त्रालयको प्रतिनिधि-एक जना | सदस्य |
| ७. | पशु सेवा विभागको प्रतिनिधि-एक जना | सदस्य |
| ८. | महाप्रवन्धक, दुग्ध विकास संस्थान | सदस्य |
| ९. | कार्यकारी निर्देशक वा निमित्त कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास वोर्ड | सदस्य-सचिव |

खण्ड ४७, संख्या ८, २०५४ साल जेठ २० गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
आशेश्वर झा
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार